# प्रेस विज्ञप्ति- २६७

# Press Release-267

लागू औषध नियन्त्रण व्यूरो
Narcotics Control Bureau
कोटेश्वर, काठमाडौ।
मिति: २०७६।०८।०६ गते।

## ठूलो मात्रामा नियन्त्रित मनोद्विपक पदार्थ ५१९४ एम्पुल र लागू औषध नाईट्रोजेपाम (नाईट्रोभेट) ५५५० ट्याब्लेट सहित ३ जना मानिसहरू पक्राउ।

विशेष सूचनाको आधारमा लागूऔषध नियन्त्रण व्यूरोबाट खटिएको प्रहरी टोलीले विगत लामो समयदेखिको सूचना संकलन, बिश्लेषण एवं निगरानी पश्चात मिति २०७६।०८।०५ गते १६:०० बजेको समयमा जिल्ला काठमाण्डौ, का.म.न.पा. वडा नं. २८ रत्नपार्क स्थित सडक किनारबाट जिल्ला मकवानपुर, थाहा गा.पा. वडा नं. २ बस्ने बर्ष ५५ को रमेश शिवभक्तीलाई नियन्त्रित मनोद्विपक पदार्थ **डाईजेपाम १९४ एम्पुल, ब्रुफेनोर्फिन १९० एम्पुल र फेनारगन १८९ एम्पुल** सहित पक्राउ गरिएको छ र मिति २०७६।०८।०५ गते १८:०० बजेको समयमा जिल्ला काठमाण्डौ का.म.न.पा. वडा नं. ३२ बालकुमारी पुल स्थितबाट जिल्ला काभ्रेपलाञ्चोक साविक होक्से गा.वि.स. ८ हाल चन्द्रोदयपुर गाउँपालिका वडा नं. ५ बस्ने बर्ष २४ को धनवहादुर वाईवा र जिल्ला मकवानपुर ईन्द्रसोवर गा.पा. वडा नं. ३ सिस्नेरी बस्ने बर्ष ३६ की सुनिता गोलेको साथबाट नियन्त्रित मनोद्विपक पदार्थ **डाईजेपाम १४८७ एम्पुल, ब्रुफेनोर्फिन १५६४ एम्पुल, फेनारगन १५७० एम्पुल** र लागू औषध **नाईट्रोजेपाम (नाईट्रोभेट) ५५५० ट्याब्लेट** सहित पक्राउ गरिएको छ।

**नोट:-** पक्राउ परेका रमेश शिवभक्ती र धनवहादुर वाईवा यस पूर्व पनि लागू औषध कारोवारमा संलग्न रहेको र निजहरू नेपाल भारतको सिमा नाकाबाट नियन्त्रित मनोद्विपक पदार्थ काठमाण्डौ भित्र्याउने मुख्य व्यक्तिहरु रहेको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको छ।

निजहरू उपर यस व्यूरोबाट लागू औषध नियन्त्रण ऐन, २०३३ बमोजिम मुद्दा दर्ता गरी आवश्यक अनुसन्धान भईरहेको व्यहोरा जानकारीका लागि अनुरोध।

•••





